


वर्ष ४७ अङ्क ४ पुस २०७९ डिसेम्बर-जनवरी २०२२/२३


# मौद्रिक नीतिको त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आ.व.२०७९/८० को मौद्रिक नीतिको त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले भर्चुअल पत्रकार सम्मेलनमार्फत २०७९ मङ्सिर ११ गते समीक्षा सार्वजनिक गरेको हो।

मौद्रिक नीतिमा लिइएका उपायहरूको कार्यान्वयन स्थिति तथा विद्यमान राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय आर्थिक स्थिति र परिदृश्यलाई दृष्टिगत गरी वार्षिक मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई यस समीक्षामा निरन्तरता दिइएको छ। साथै, नीतिका लक्ष्य र प्रक्षेपणलाई यथावत् राखिएको छ। भुक्तानी प्रणालीमा कुनै व्यवधान आउन नदिने, परिलक्षित कर्जा प्रवाहलाई सहयोग पुऱ्याउने र तत्काल ब्याजदर थप बढ्न नदिने गरी तरलता व्यवस्थापन गरिने समीक्षामा उल्लेख छ।

कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीले दोस्रो बजारमा जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई यस बैंकले उक्त क्षेत्रमा न्यूनतम कर्जा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाउने व्यवस्था गरिने जनाइएको छ।

वाणिज्य बैंकको औसत ब्याजदर अन्तर ४.४ बाट ४.० प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको औसत ब्याजदर अन्तर ५.० बाट ४.६ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिनेछ। यसबाट बैंक तथा वित्तीय संस्थाले कर्जाको ब्याजदर तय गर्दा लिने प्रिमियम दर घट्न गई कर्जाको ब्याजदरमा समेत सन्तुलन आउने अपेक्षा गरिएको छ। प्रिमियमसम्बन्धी व्यवस्थाको नियमित अनुगमन गरिने समेत समीक्षामा उल्लेख छ।




त्रयमासिक समीक्षाअनुसार लघुवित्त वित्तीय संस्थाले २०७९ माघदेखि आधार दर मासिक रूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था गरिने भएको छ। तोकिएको कर्जा-निक्षेप अनुपात नपुगेमा बैंक तथा वित्तीय संस्थालाई लाग्ने जरिवानालाई तरलता जोखिममा समेत आधारित हुने गरी पुनरावलोकन गरिने नीतिमा उल्लेख छ। कार्यान्वयनमा रहेको चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई प्राप्त सुझावका आधारमा सम्बोधन गरिनेछ।

तरलतामा देखिएको दबाबलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा कर्जा प्रवाह नगरेमा २०८० असार मसान्तको आधारमा २०८० पुसदेखि हर्जाना गणना गर्ने व्यवस्था मिलाइने समीक्षामा उल्लेख छ। यसबाट आन्तरिक तथा बाह्य स्थायित्व सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा राखिएको छ। मुद्रास्फीति र विदेशी विनिमय सञ्चितिमा आउने सुधारको आधारमा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दा मौद्रिक उपायमा आवश्यकतानुसार परिवर्तन गरिने पनि समीक्षामा जनाइएको छ।

# गभर्नर अधिकारी 42nd SEACEN Board of Governors' Meeting मा सहभागी



गभर्नर महाप्रसाद अधिकारी नेसनल बैंक अफ कम्बोडियाद्वारा मङ्सिर १८ देखि २० गतेसम्म सिमरिपमा आयोजित 'SEACEN-IMF-STI High Level Seminar' तथा 58th SEACEN Governors' Conference / '42nd SEACEN Board of Governors' Meeting मा सहभागी हुनुभयो ।

उक्त उच्चस्तरीय सेमिनारमा युरोपियन केन्द्रीय बैंकको अध्यक्ष क्रिष्टिना लेगार्ड, अन्तर्राष्ट्रिय मुद्रा कोषका अधिकारीहरू, सदस्य राष्ट्रका केन्द्रीय बैंकका गभर्नरहरूको सहभागिता थियो । उक्त सेमिनारमा कोभिड संक्रमणका कारण विश्व अर्थतन्त्रमा परेको प्रभाव, विश्वव्यापी आर्थिक मन्दीको सङ्केत, बढ्दो मुद्रास्फीति र जलवायु परिवर्तनले अर्थतन्त्रमा परेको असरलगायतका विषयमा छलफल भएको थियो ।

बैठकमा अध्यक्ष लेगार्डले कोरोना संक्रमण, युक्रेन युद्ध, इन्धनको सीमित स्रोतलगायत विश्वव्यापी मुद्रास्फीति नियन्त्रण गर्नु सबै केन्द्रीय बैंकको लागि चुनौती बनेको उल्लेख गर्दै हावापानी परिवर्तन, महामारीलगायत क्षेत्रका विज्ञसँगसमेत परामर्श गरी नीति तयार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्रा कोषको तर्फबाट पनि विभिन्न समसामयिक विषयमा प्रस्तुतिसँगै र राउण्ड टेबल छलफल भएको थियो । सो छलफलमा गभर्नर अधिकारीले जलवायु परिवर्तनका कारण बैंकिङ क्षेत्रमा निम्तिएको जोखिमलाई बैंकहरूको पुँजी कोषमार्फत सम्बोधन गर्न आवश्यक रहेको धारणा राख्नुभयो ।

यसै क्रममा '42nd SEACEN Board of Governors' Meeting' df SEACEN का कार्यकारी निर्देशक मङ्गल गोस्वामीले सन् २०२२ मा भएका साङ्गठनिक गतिविधि र चालु रणनीतिको कार्यान्वयनको अवस्थाबारे जानकारी दिनुभयो । सो बैठकमा सन् २०२३ का निम्ति प्रस्तावित कार्यक्रम, बजेट, लेखापरीक्षकको नियुक्तिलगायतका विषयमा छलफल हुँदा गभर्नर अधिकारीले समेत आफ्नो धारणा राख्नुभएको थियो । बैठकमा वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक राजनविक्रम थापाको समेत सहभागिता थियो ।

# एकीकृत निर्देशन, २०७८ मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७८' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले मङ्सिर २८ गते एक परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । गत मङ्सिर ११ गते सार्वजनिक भएको मौद्रिक नीतिको पहिलो त्रयमासिक समीक्षाका उल्लेखित व्यवस्थालाई कार्यान्वयन गर्नेगरी एकीकृत निर्देशनमा संशोधन गरिएको जनाइएको छ ।

संशोधनमार्फत २०७९ चैत महिनाबाट औसत ब्याजदर अन्तर 'क' वर्गका वाणिज्य बैंकहरूको हकमा ४.२ र 'ख' र 'ग' वर्गका संस्थाको हकमा ४.८ प्रतिशतभन्दा बढी कायम गर्न नपाइने व्यवस्था गरिएको छ । यस्तो अन्तर २०८० असार महिनाबाट क्रमशः ४.० र ४.६ प्रतिशतभन्दा बढी नहुने व्यवस्था गर्नुपर्नेछ ।

कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीले जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई कृषि क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाइने व्यवस्था मिलाइएको छ ।

यसै गरी, नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाको निम्ति जारी गरेको 'एकीकृत निर्देशन, २०७८' मा समेत संशोधन गर्दै २०७९ माघदेखि आधार दर मासिक रुपमा आफ्नो वेबसाइटमा प्रकाशन गर्न लघुवित्त संस्थाहरूलाई निर्देशन दिएको छ ।

# बैंकिङ कानुनसम्बन्धी अन्तरक्रिया




कानुन महाशाखाले मङ्सिर ९ गते 'बैंकिङ कानुनः समस्या र समाधान' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सर्वोच्च अदालत बार एसोसिएसनसँगको सहकार्यमा महाशाखाले उक्त अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले विद्यमान कानुनी र नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय अभ्यास अनुरूप केन्द्रीय बैंकका कामकारबाही निर्देशित रहने उल्लेख गर्दै आर्थिक स्थायित्वमार्फत मुलुकको समृद्धि हासिल गर्ने उद्देश्यबाट राष्ट्र बैंक प्रेरित रहेको धारणा राख्नुभयो ।

केन्द्रीय बैंकको स्वायत्तताले अर्थतन्त्रमा स्थायित्व प्रदान गर्ने तथ्यलाई अन्तर्राष्ट्रियस्तरमै स्वीकार गरिएको उल्लेख गर्दै गभर्नर अधिकारीले बैंकिङ क्षेत्रको संवेदनशीलतालाई ध्यान राखेर राष्ट्र बैंकले नीतिगत निर्देशन जारी गर्ने गरेको र तिनमा समसामयिक परिमार्जन भइरहने स्पष्ट पार्नुभयो । साथै विद्यमान कानुनी व्यवस्थाहरू परिमार्जन गर्नुपर्ने आवश्यकतासमेत उहाँले औंल्याउनुभयो । कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले वित्तीय स्थायित्वमार्फत मुलुकलाई आर्थिक विकासतर्फ अग्रसर गराउनु नै राष्ट्र बैंकको मूलभूत उद्देश्य रहेको उल्लेख गर्दै बैंक आफ्नो लक्ष्यमा दृढ रहेको स्पष्ट पार्नुभयो ।

सो अवसरमा वरिष्ठ अधिवक्ता मेघराज पोखरेलले 'बैंकिङ कानुन, सोको परिपालना, समस्या र समाधान' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो भने सो कार्यपत्रमाथि बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले टिप्पणी गर्नुभएको थियो ।

यसै गरी, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बुद्धराज शर्माले 'राष्ट्र बैंकले जारी गरेका निर्देशन र देखापरेका चुनौतीहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सो कार्यपत्रमाथि वरिष्ठ अधिवक्ता शम्भु थापाले टिप्पणी गर्नुभएको थियो । नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे तथा बैंकिङ कानुनविज्ञ गान्धी पण्डितले वित्तीय क्षेत्रका कानुनी विषयमा आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा सहभागी कानुन व्यवसायीले वित्तीय क्षेत्रमा कानुनी दोहोरोपन रहेको, ग्राहकको गुनासो व्यवस्थापनमा परिमार्जनको आवश्यकता रहेको, बैंक जमानतको विद्यमान व्यवस्था अस्पष्ट रहेको, उपभोक्ता संरक्षण ऐन आवश्यक रहेको, नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था ऐनलाई नयाँ संविधानअनुरूप परिमार्जन गर्न आवश्यक रहेको सुझाव राखेका थिए ।

सो अवसरमा कानुन महाशाखाका निर्देशक थानेश्वर आचार्यले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यले समापन मन्तव्य राख्नुभएको थियो ।

# समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम



बैंक सुपरिवेक्षण विभागले मङ्सिर १३ गते काठमाडौंमा बैंकिङ क्षेत्रका समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

बैंकिङ क्षेत्रमा देखिएका समस्या र तिनको निराकरणका उपायमा केन्द्रित रहेर वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागितामा विभागले उक्त अन्तरक्रिया आयोजना गरेको हो । कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले मुलुकको आर्थिक विकास र समृद्धिका लागि वित्तीय स्थायित्व हुनुपर्ने आवश्यतामा जोड दिनुभयो । नेपालको बाह्य क्षेत्रमा देखा परेको शोधनान्तर सङ्कट समाधानतर्फ उन्मुख रहेको उल्लेख गर्दै उहाँले वित्तीय क्षेत्रको सहयोगबाटै यो सम्भव भएको स्पष्ट पार्नुभयो ।

नेपालको वित्तीय परिसूचक दक्षिण एसियामै राम्रो रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले अन्तर्राष्ट्रियस्तरमा देखिएको मूल्यवृद्धिको चापको असर नेपालमा समेत देखिएको धारणा राख्नुभयो । बैंक तथा वित्तीय संस्थाको निम्ति जारी गरिएका नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नसमेत उहाँले प्रमुख कार्यकारी अधिकृतहरूको ध्यानाकर्षण गराउनुभयो ।

सो अवसरमा डेपुटी गभर्नर बमबहादुर मिश्रले अर्थतन्त्रको आवश्यकताबमोजिम बैंकले कसिलो तथा लचिलो नीतिगत व्यवस्था गर्ने गरेको उल्लेख गर्दै वित्तीय क्षेत्रमा देखिएका समस्याको निराकरणका निम्ति बैंकहरू समेत जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले राष्ट्र बैंकबाट जारी भएका निर्देशन पालनाको निम्ति ध्यानाकर्षण गराउँदै कर्जा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले समसामयिक वित्तीय समस्या र चुनौतीका विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा निर्देशक डा. सत्येन्द्र तिमल्सिनाले विभागीय प्रस्तुति दिनुभयो भने निर्देशक सुभाषचन्द्र घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रमको सञ्चालन उप-निर्देशक राजनप्रसाद रेग्मीले गर्नुभएको थियो ।

# वित्तीय जानकारी इकाई र वित्तीय संस्थाका कार्यान्वयन अधिकारीहरूबीच अन्तरक्रिया




कानुन वित्तीय जानकारी इकाईले मङ्सिर १२ गते काठमाडौंमा गो-एएमएलको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा वित्तीय संस्थाका कार्यान्वयन अधिकारीहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।


गो-एएमएल कार्यान्वयनको सिलसिलामा देखिएका समस्या, चुनौती र आगामी पारस्परिक मूल्याङ्कनको तयारीका सन्दर्भमा केन्द्रित रहेर इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारीले गो-एएमएलको प्रभावकारी कार्यान्वयन गर्दै पारस्परिक मूल्याङ्कनमा वित्तीय क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको धारणा राख्नुभयो ।

इकाईका प्रमुख दीर्घबहादुर रावलले गो-एएमएलको प्रभावकारी कार्यान्वयनमा सबै वित्तीय संस्थाले देखाएको सक्रियताका लागि धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा बैंकका उप-निर्देशक डा. हरिकुमार नेपालले पारस्परिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन सबै सरोकारवाला निकायले साझा अवधारणाको विकास गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै सूचक संस्थाका रूपमा रहेका वित्तीय संस्थाको रिपोर्टिङमा देखिएका समस्या, चुनौती र समाधानका सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्नुभयो । उप-निर्देशक स्वरूप श्रेष्ठले 'गो-एएमएल कार्यान्वयनका समस्या, चुनौती एवम् समाधान तथा आगामी पारस्परिक मूल्याङ्कन' र वित्तीय संस्था सुपरिवेक्षण विभागकी उप-निर्देशक रञ्जना शर्माले 'पारस्परिक मूल्याङ्कनः सुपरिवेक्षकीय दृष्टिकोण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा इकाईका उप-निर्देशक विष्णुप्रसाद गुरागाईंले समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक स्वेच्छा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गैर-बैक वित्तीय संस्था सुपरिवेक्षण विभागको अन्तरक्रिया



गैर-बैक वित्तीय संस्था सुपरिवेक्षण विभागले मङ्सिर ९ गते विभागीय अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। निरीक्षण तथा सुपरिवेक्षण कार्य प्रभावकारी रूपमा सम्पादन गर्नको लागि विभागका कर्मचारीबीच एकीकृत परिपत्र, निर्देशन, प्रचलित ऐन/नियम तथा सुपरिवेक्षकीय विषयवस्तुबारे छलफल गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो।

सो अवसरमा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक वासुदेव भट्टराईले उक्त विभागद्वारा जारी गरिएको एकीकृत परिपत्र तथा निर्देशन सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो। यसै गरी, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशकद्वय मनोज पोखरेल र सचिनराज पियाले क्रमश: विप्रेषणबाहेक विभागको कार्यक्षेत्र अन्तरगतका संस्था/कम्पनीहरूसँग सम्बन्धित नीतिगत व्यवस्था र विप्रेषण कारोबार गर्ने कम्पनीको सम्बन्धमा भएका नीतिगत व्यवस्था तथा ती कम्पनीको सुपरिवेक्षण गर्दा देखिएका मुख्य कैफियतबारे वार्ता प्रस्तुत गर्नुभएको थियो।

उक्त वार्ताका सन्दर्भमा सहभागी कर्मचारीहरूबीच छलफल भएको थियो। सो अवसरमा निर्देशक वीरेन्द्रदत्त अवस्थीले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने कार्यकारी निर्देशक विमलराज खनालले समापन मन्तव्य राख्नुभएको थियो। सहायक निर्देशक मीरा ज्ञवाली नेपालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# पोखरा कार्यालयद्वारा विभिन्न कार्यक्रम सम्पन्न






पोखरा कार्यालयले २०७९ मङ्सिर महिनामा विभिन्न कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा कार्यालयले १२ गते म्याग्दीको बेनीमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी आयोजना गऱ्यो।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले अर्थतन्त्रको पछिल्लो स्थितिबारे चर्चा गर्दै आर्थिक व्यवस्थापनमा तथ्याङ्कको आवश्यकता र महत्वबारे प्रकाश पार्नुभयो। सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले तथ्याङ्क सङ्कलनमा देखिने समस्या र चुनौतीका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो।

कार्यक्रममा म्याग्दी, पर्वत र बागलुङ जिल्लाका आर्थिक तथ्याङ्क प्रदायक निकायका प्रतिनिधिको सहभागिता थियो। सो अवसरमा पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले आर्थिक गतिविधिको विश्लेषण र प्रक्षेपण गर्ने मूल आधार नै तथ्याङ्क रहेकोले निर्धारित समयमै यथार्थ तथ्याङ्क उपलब्ध गराउन सरोकारवाला निकायका प्रतिनिधिलाई आग्रह गर्नुभयो। सहायक निर्देशक ज्ञाज शर्माले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, कार्यालयले मङ्सिर १७ गते तनाव व्यवस्थापन कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा ओसो उपवन ध्यान केन्द्र, पोखराका स्वामी योगानन्दले नियमित आहारविहार, ध्यान तथा व्यायामका सन्दर्भमा सचेत रहनुपर्ने आवश्यकता औंल्याउनुभयो। कार्यक्रममा कार्यालयका सम्पूर्ण कर्मचारीको सहभागिता थियो।

साथै, पोखरा कार्यालयले मङ्सिर १९ गते सिक्का व्यवस्थापन, सफा नोट नीति र विद्युतीय भुक्तानी कारोबारको सन्दर्भमा पोखरास्थित मन्दिरका सञ्चालक र पुजारीहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

कार्यक्रममा कार्यालयका निर्देशक खरेलले एक मन्दिरमा क्यूआर कोडमार्फत हुने कारोबारलाई प्रवर्द्धन गर्नुपर्ने उल्लेख गर्दै मन्दिरमा रहेका सिक्काको पटकपटक प्रयोग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। सो अवसरमा उप-निर्देशक प्रतिभा अधिकारीले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक दलबहादुर थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# वीरगञ्जमा जाली नोट पहिचान तथा व्यवस्थापनसम्बन्धी अनुशिक्षण




वीरगञ्ज कार्यालयले मङ्सिर २३ गते 'जाली नोट पहिचान तथा व्यवस्थापन' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

मुद्रा व्यवस्थापन विभागसँगको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले 'जाली नोट पहिचान तथा व्यवस्थापन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले नोट निष्कासन, वितरण र धुल्याउने प्रक्रियाबारे जानकारी दिँदै नोटको सुरक्षण विशेषता, जाली नोट पहिचान गर्ने विधि, जाली नोटसम्बन्धी कानुनी व्यवस्था, जाली नोट पहिचान र व्यवस्थापनमा देखिएका चुनौती र सामाधानका उपायबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक राजनदेव भट्टराईले जाली नोटको पहिचान र व्यवस्थापनमा सुरक्षा निकाय र बैंक तथा वित्तीय संस्थाको भूमिकाबारे स्पष्ट पार्दै यसमा सरोकारवाला सबै निकायबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिसहित ७३ जनाको सहभागिता थियो ।

उप-निर्देशक प्रियंका बस्यातले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक नरेशकुमार सर्राफले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

गभर्नरको कार्यालयले मङ्सिर २९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । भर्चुअल माध्यममा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले 'चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा निर्देशक पण्डितले 'चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' को ढाँचा, चालु पुँजी कर्जाको सीमा, अनुगमन, मार्गदर्शनको अपेक्षित उपलब्धिलगायतका विविध पक्षबारे चर्चा गर्नुभयो । कार्यक्रममा विभिन्न विभाग/कार्यालयका २५० भन्दा बढी कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले समापन मन्तव्य राख्नुभयो भने निर्देशक मुक्तिनाथ सापकोटाले स्वागत मन्तव्य राख्नुभयो । उप-निर्देशक डा. भागवत आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# संस्थागत योजना विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले मङ्सिर ११ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गर्‍यो । कार्यक्रममा बजेट केन्द्र तथा अन्य विभाग/कार्यालयको वार्षिक कार्ययोजना, बजेट तथा जोखिमसम्बन्धी स्थलगत अनुगमन गर्नुपर्ने विषयवस्तु, प्रतिवेदनको ढाँचाका सन्दर्भमा छलफल भएको थियो ।

कार्यक्रममा निर्देशक हिमप्रसाद न्यौपानेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य तथा उपादेयतबारे प्रकाश पार्नुभयो भने उप-निर्देशकहरू खिलबहादुर श्रेष्ठ, सुशिलकुमार दास र श्यामराज त्रिपाठीले अनुगमनका महत्वपूर्ण पक्षबारे चर्चा गर्दै प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयवस्तुबारे जानकारी दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले जोखिमको स्थलगत अनुगमन र प्रतिवेदन तयारीका विविध पक्षबारे चर्चा गर्नुभयो । विभागका कर्मचारीहरू सहभागी रहेको सो कार्यक्रम उप-निर्देशक ईश्वरकुमार कटुवालले सञ्चालन गर्नुभएको थियो ।

# जनकपुर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम



जनकपुर कार्यालयले मङ्सिर २१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका सहायक सन्तोषकुमार तामाङले 'आ.व.२०७८/०७९ को मधेश प्रदेशको आर्थिक गतिविधि' विषयमा प्रस्तुति दिनुभयो।

स्थलगत र गैरस्थलगत सर्वेक्षणमार्फत सङ्कलित सूचना र तथ्याङ्कको आधारमा तयार गरिएको मधेश प्रदेशको आर्थिक वर्ष २०७८/०७९ को आर्थिक गतिविधिको संक्षिप्त विवरण उहाँले प्रस्तुत गर्नुभयो।

कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो। कार्यालयका निर्देशक नीरा ताल्चाभडेलको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो।

# बढुवा

सूचना प्रविधि विभागका उप-निर्देशकद्वय सहदेव चन्द र तेजनारायण ठाकुर निर्देशक (अधिकृत प्रथम-सू.प्र.) पदमा बढुवा हुनुभएको छ। कार्यक्षमता मूल्याङ्कनका आधारमा मङ्सिर १२ गते उहाँहरूको बढुवाको निर्णय भएको हो।

यसै गरी, मङ्सिर १३ गतेको निर्णयानुसार विभिन्न विभाग/कार्यालयका १४ जना सहायक निर्देशकहरू उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका शर्मिला श्रेष्ठ र बद्रीनारायण थापा, सिद्धार्थनगर कार्यालयका माधवराज ढकाल, लघुवित्त संस्था सुपरिवेक्षण विभागका उमाकान्त थपलिया, रुद्रप्रसाद तिम्सिना र कल्पनादेवी पौडेल (भट्टराई), वित्तीय संस्था सुपरिवेक्षण विभागका घनश्याम फुलारा, विदेशी विनिमय व्यवस्थापन विभागका धीरेन्द्रकुमार आरसी, भुक्तानी प्रणाली विभागका पदमराज जोशी, मौद्रिक व्यवस्थापन विभागका गोविन्दप्रसाद भण्डारी, बैंकर्स प्रशिक्षण केन्द्रका मेघप्रसाद लामिछाने, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका विष्णुदत्त पाण्डेय, मुद्रा व्यवस्थापन विभागका मीनप्रसाद पोखरेल र पोखरा कार्यालयका ऋषिराम ढकाल हुनुहुन्छ।

यसै गरी, मङ्सिर १४ को निर्णयानुसार प्रधान सहायकहरू वित्तीय संस्था सुपरिवेक्षण विभागका चुडामणि पोखरेल, बैंक तथा वित्तीय संस्था नियमन विभागका हरिप्रसाद पौड्याल, धनगढी कार्यालयका डम्बरदत्त भट्ट, लघुवित्त संस्था सुपरिवेक्षण विभागका रविचन्द्र पौडेल, कानुन महाशाखाका निरजकुमार दाहाल र सिद्धार्थनगर कार्यालयका कृष्णप्रसाद भट्टराई सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनुभएको छ।

यसै गरी, मङ्सिर २६ को निर्णयानुसार विभिन्न विभाग/कार्यालयका १४ जना सहायकहरू प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवा हुनुभएको छ। जसअनुसार मुद्रा व्यवस्थापन विभागका खगेन्द्र खरेल, वन्दना दाहाल, भक्तबहादुर थापा र राजु तिमिल्सिना, वीरगञ्ज कार्यालयका हरिप्रसाद खरेल, बैंकिङ विभागका सन्तोष अधिकारी, पुष्पराज सुवेदी र वीरेन्द्रकुमार सिंह, धनगढी कार्यालयका महेशप्रसाद भट्ट र जयबहादुर साउद, गभर्नरको कार्यालयका नवीना ताम्राकार, टक्सार महाशाखाका कृष्णकुमार तामाङ, पोखरा कार्यालयका तिलबहादुर थापा र कानुन महाशाखाका शिवराम फुयालको बढुवा भएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ।

# अवकाश

सूचना प्रविधि विभागका निर्देशक (सू.प्र.)द्वय शिवराम दवाडी र अनिल प्रधानले २०७९ मङ्सिर १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसै गरी, सिद्धार्थनगर कार्यालयका कार्यालय सहयोगी प्रथम गङ्गाधर पोखेलले पनि मङ्सिर २ देखि अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ। उहाँहरूले ३० वर्ष सेवा अवधिका आधारमा अवकाश पाउनुभएको विभागले जनाएको छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछ।

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

विद्या अधिकारी

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल